**कोरोना भाइरसको सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १९ गते**
बागमती प्रदेशमा वैशाख १९ गतेसम्म आरडिटी विधिबाट ८ हजार ५ सय १५ जनामा कोरोना भाइरसको परीक्षण गरिएको छ । आरडीटी परीक्षण गरिएका मध्ये १८ जनामा पोजेटिभ देखिएको छ । जसमध्ये सात जनामा पीसीआर पनि पोजेटिभ तथा ११ जनामा पीसीआर नेगेटिभ देखिएको छ । पीसीआर पोजेटिभ नतिजा आएका सातै जना उपचारपछि घर फर्किसकेका छन् ।
बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तरगतको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कोरोना भाइरस (कोभिड १९) को रोकथामका लागि स्वास्थ्य सुरक्षा सामग्री पर्याप्त रहेको जानकारी दिएको छ । केन्द्रले प्रदेशका १३ ओटै जिल्लाका स्वास्थ्य कार्यालय र आठ ओटा अस्पतालमा कोरोना सङ्क्रमण नियन्त्रणका लागि आवश्यक स्वास्थ सामग्री वितरण गरिएको जनाएको छ ।
सङ्घीय सरकार, आपूर्ति केन्द्र र विभिन्न दातृ निकायबाट प्राप्त भएको स्वास्थ्य सामग्री वितरण गरिएको र केही सामग्री मौज्दात राखिएको आपूर्ति केन्द्रका सूचना अधिकारी अमृतकुमार श्रेष्ठले बताउनु भयो ।
आपूर्ति केन्द्र आफैले टेण्डर गरेर प्राप्त गरेको र विभिन्न निकायबाट प्राप्त समेत गरी पीपीई सेट ८ सय ९० थान, गाउन १ हजार ६ सय ९० ओटा, एन नाइन्टीफाइप मास्क ३ हजार ८ सय ३० थान, सर्जिकल मास्क ५ हजार ९ सय ५० थान, ग्लोब्स ९४ हजार २ सय, ह्यान्ड सेनिटाइजर ७ सय १८ थान, आरडीटी टेष्ट ८ हजार थान स्वास्थ्य सुरक्षा सामग्री प्राप्त गरिएको श्रेष्ठले जानकारी दिनुभयो ।
जिल्लाका स्वास्थ्य कार्यालय र अस्पताल मार्फत प्रदेशका सबैजसो स्थानीय तहसम्म स्वास्थ्य सामग्री पुगेको उहाँले बताउनु भयो । अहिले स्वास्थ्य सामग्रीमा कुनै पनि समस्या समेत नभएको श्रेष्ठले जानकारी दिनु भयो ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार मेलुङ गाउँपालिकाले लकडाउन सुरु भएयता ३३ जना बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ ।
लकडाउन अवधिभर स्वास्थ्य संस्थामा पुगेका बिरामीको उपचार सम्भव नभएर रिफर गरिएकाहरूलाई राजधानी काठमाडौँसम्मका सबै दुरीमा निशुल्क सेवा उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ ।
जिल्लामा लकडाउनका समयमा अत्यावश्यक अर्न्तगत खाद्यान्न, ग्याँस इन्धन, दूध, तरकारी, फलफूल ढुवानी गर्ने सवारी साधन निर्वाध रुपमा सञ्चालन भइरहेका छन् ।
जिल्ला प्रहरी कार्यालय दोलखाका अनुसार लकडाउनका अवधिमा १ हजार १ सय १२ सवारी साधन दोलखा प्रवेश गरेका छन् ।
लकडाउन सुरु गरिदा अत्यावश्यक सवारी साधनलाई सञ्चालन गर्न दिने निर्णय भए पनि केहि समय पश्चात राष्ट्रिय गौरव सहितका विकासे आयोजनाका काम निरन्तर जारी राख्ने निर्णय गरेको थियो ।
नेपाल इन्जिनियर्स एसोसियसन बागमती प्रदेश मार्फत जिरीमा रहेको जिल्ला अस्पताललाई लागि स्वाब सङ्कलन बुथ सहयोग गरेको छ । हालसम्म जिल्ला अस्पताल जिरी, प्राथमिक स्वास्थ्य केन्द्र चरिकोट र किर्ने स्वास्थ्य केन्द्र तामाकोशी सहित तीन ओटा स्वास्थ्य संस्थामा स्वाब सङ्कलन बुथ व्यवस्था रहेको छ । जिरी नगरपालिकाले नगरका सबै स्वास्थ्य संस्थामा थर्मल गन व्यवस्थापन गरेको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्ला विपत व्यवस्थापन समिति रामेछापको बैठकले वैशाख १९ गतेबाट जिल्ला बाहिरबाट तरकारी आयात गर्न प्रतिबन्ध लगाउने निर्णय गरेको छ ।
समिति संयोजक एवम् प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको बैठकले जिल्लामा सञ्चालमा रहेका ठूला आयोजना बाहेक अन्य आयोजनाहरू तत्काल सञ्चालनमा नल्याउने, जिल्ला बाहिरबाट मानिसहरूको प्रवेशलाई पूर्ण रुपमा रोक लगाउने समेत निर्णय गरेको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार नेपाल इन्जिनियर्स एशोसियसन बागमती प्रदेश समितिले तादी गाउँपालिका स्थित खरानीटार अस्पताललाई स्वाब सङ्कलन बुथ सहयोग गरेको छ ।

बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको विदुर नगरपालिकाले लकडाउनको कारण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरू बैंकसम्म आउन कठिन हुने भएकोले १३ ओटै वडामा घरघरमा कर्मचारी पठाएर वितरण गरेको छ ।
ज्येष्ठ नागरिक, एकल महिला, विधवा महिला, अति असक्त, पूर्ण अपाङ्ग र पाँच वर्षभन्दा कम उमेरका दलित बालबालिका गरी ६ हजार ९४ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको नगरपालिकाका प्रवक्ता तथा वडा नं ४ का अध्यक्ष टलकमान श्रेष्ठले जानकारी दिनुभयो । गाउँपालिकाले ५ करोड ८० लाख ९९ हजार ८ सय रुपियाँ वितरण गरेको जनाएको छ ।
शिवपुरी गाउँपालिका-५ महाकालीमा लकडाउनका कारण दैनिक गुजारा गर्न समस्या भएका ३६ घरपरिवारलाई राहत वितरण भएको छ ।
किस्पाङ गाउँपालिकाले पनि १ हजार ५ सय जनालाई सामाजिक सुरक्षा भत्ता घर घरमा गएर वितरण गरेको गाउँपालिका अध्यक्ष छत्र लामाले जानकारी दिनुभयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार उत्तरगया गाउँपालिकाको क्वारेण्टाइनमा बसेकाहरू आफूखुसि घरजाने क्रम रोकिएको छैन । गाउँपालिकाको वडा-२ डाडागाउँमा रहेको क्वारेण्टाइनमा रहेका १६ जना, वडा-३ को ठूलोगाउँको क्वारेण्टाइनमा रहेका १० जना र वडा-५ लहरेमा रहेका २० जना क्वारेण्टाइनमा बसेको चार दिनपछि घरमा गएका छन् । ठूलोगाउँको क्वारेण्टाइनमा अब ६ जना मात्रै रहेका छन् ।
आमाछोदिङमो गाउँपालिकामा ६७ जना बस्दै आएकोमा वैशाख १९ गते एकजना थपिएको स्वास्थ्य शाखा प्रमुख निमा तामाङले बताउनुभयो । त्यहाँ २४ जनाका लागि बेड रहेको छ भने अरु सबैजना भूईंमै सुत्नु परेको क्वारेण्टाइनमा बस्नेहरूले गुनासो गरेका छन् ।
वडा-२ टिमुरेमा रहेको क्वारेण्टाइनमा पनि बेड अभाव रहेको छ । क्वारेण्टाइनमा टिभी, इन्टरनेट नभएको र त्यहाँ बस्न निकै दिक्क लागेको गुनासो आएको छ । नौकुण्ड गाउँपालिकामा वैशाख १५ गते काठमाडौंबाट १ सय ८७ जना आएकोमा क्वारेण्टाइनमा केही पनि बसेका छैनन् ।
जिल्लामा अत्यावश्यक सामग्री ढुवानीका लागि ई पास जारी गरिएको र अति आवश्यक वस्तु र खाद्यान्नको समस्या नभएको प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीले बताउनु भयो । बजारमा तरकारीमा केही मूल्य बृद्धि भएको र अन्य खाद्यान्न तथा अन्य गुनासो नआएको उहाँले बताउनु भयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउन उलङ्घन गरेको आरोपमा वैशाख १९ गते १ सय ५७ जनालाई महानगरीय प्रहरी परिसरले कारबाही स्वरुप कोभिड-१९ को बारेमा दुई घण्टे कक्षामा राखेर घर पठाएको परिसरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले जानकारी दिनुभयो ।
लकडाउन उलङ्घन गर्नेमा महिला भन्दा पुरुषको सङ्ख्या धेरै रहेको प्रहरीले जनाएको छ । सवारी पास नलिएका तर अत्यावश्यक सेवा बिरामी, मलामी, कृषि मल, बीउ लिन जानको लागि आफू कहाँदेखि कहाँसम्म जाने भन्ने ट्राफिक प्रहरीको फोन १०३ वा प्रहरी कन्ट्रोलको फोन १०० मा जानकारी दिई अनुमती लिन सकिने महानगरीय ट्राफिक प्रहरी परिसर सातदोबाटोका प्रमुख एवम् इन्सपेक्टर भोलामानसिंङ अधिकारीले जनाकारी दिनुभयो ।
कोभिड-१९को शङ्कामा वैशाख १९ गते दुई जनालाई भर्ना गरी पाटन अस्पतालको आइसोलेशन वार्डमा उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो । पहिले भर्ना भएका तनि जना निको भएर घर गएको अस्पतालले जनाएको छ ।
कोन्ज्योसोम गाउँपालिकामा ५ सय ३० जना र महालक्ष्मी गाउँपालिकामा १ हजार ७ सय जनालाई आवश्यकताका आधारमा राहत वितरण गरेको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार पाँचखाल नगरपालिकाले प्रसिद्ध धार्मिक स्थल पलाञ्चोक भगवती मन्दिरमा वैशाख पूर्णिमाको दिन पूजा र जात्रा नगर्न आग्रह गरेको छ ।
नगर कार्यपालिकाको वैशाख १९ गते बसेको कार्यपालिका बैठकले कोरोना भाइरसका कारण मुलकमा लकडाउनको अवस्था रहेको र सङ्क्रमण नफैलियोस भन्नका लागि मन्दिरमा पूजा र जात्रा नगर्न आग्रह गरेको नगरपालिकाको शाखा अधिकृत राजेश बन्जाराले बताउनु भयो ।

अधिकृत बन्जाराका अनुसार हरेक वर्ष वैशाख पूर्णिमाको दिन पलाञ्चोक भगवती मन्दिरमा विशेष पुजा र जात्रा लाग्दै आएको थियो ।
(कोभिड १९) कोरोना भाइरस (कोभिड १९)का कारण तिथि अनुसार यहि वैशाख २५ र २६ गते नगरपालिकाले पलाञ्चोक भगवती मन्दिर गुठी समिति र गुठी संस्थान धुलिखेललाई पूजा र जात्रा नगर्न आग्रह गरेको नगरपालिकाको शाखा अधिकृत बन्जाराले जानकारी दिनु भयो ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार जिल्ला प्रवेश गर्ने सवारी चालक र सहचालकलाई लक्षित गरी चौतारा सागाँचोकगढी नगरपालिकाले वैशाख १९ गते बन्देउमा हेल्थ डेक्स स्थापना गरेको छ ।
हेल्थ डेक्सले अरनिको राजमार्ग भई जिल्ला प्रवेश गर्ने सवारी चालक र सहचालकहरूको स्वस्थ्य अवस्था जाँच गर्ने र कोरोना भाइरसको जोखिमबाट बचाउन, सहयोगी भूमिका हुने नगरपालिका प्रमुख अमान सिंह तामाङले बताउनु भयो ।
कोरोना भाइरसको जोखिमबाट बचाउन १० ओटा एम्बुलेन्स चालकहरूलाई जिल्ला स्वास्थ्य कार्यालयले वैशाख १९ गते पीपीई सेट वितरण गरेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाईंले बताउनु भयो । उहाँका अनुसार मेलम्ची नगरपालिकामा सञ्चालित पाँच ओटा, इन्द्रवती गाउँपालिकामा सञ्चालित तीनओटा, हेलम्बु र पाँचपोखरी थाम्पाल गाउँपालिकामा सञ्चालित एक/एक ओटा एम्बुलेन्स चालकलाई पीपीई सेट उपलब्ध गराएको हो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार फिक्कल गाउँपालिकाले लकडाउनका कारण रोकिएको नियमित खोप सबै स्वास्थ्य संस्थामा एकै मितिमा सञ्चालन गर्ने भएको छ ।
१५ महिनासम्मका बालबालिकाको लागि सञ्चालन हुने नियमित खोप कार्यक्रम वैशाख २० गतेदेखि २३ गतेसम्म ६ ओटै स्वास्थ्य संस्थामा सञ्चालन गर्ने भएको हो ।
गाउँपालिकाले लकडाउनका कारण नियमित खोप लगाउन नपाएका बालबालिकालाई उक्त खोप लगाउन आउन सार्वजनिक सूचना गरि अनुरोध गरेको छ । सूचनाको पहुँचमा हुनेले आफ्ना वरपरका बालबालिकाका अविभावकलाई खबर गरिदिन समेत पालिकाले अनुरोध गरेको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १९ गते तीन जना शङ्काष्पद व्यक्तिको कोरोना परीक्षण गरेको छ ।
लकडाउनका कारण घर जान नपाएर भक्तपुरका ६२ ओटा इँटा भट्टामा काम गर्ने भारतीय मजदुरहरू इँटा भट्टा मै अडकिएका छन् । उनीहरूलाई भक्तपुर इँटा भट्टा व्यवसायी सङ्घले राहत वितरण गरेको छ ।
लकडाउन र सिमा बन्दका कारण घर फर्कन नपाएका ३ हजार भारतीय मजदुरहरूलाई फर्कने व्यवस्था नभएसम्म खानका लागि हप्तामा प्रतिव्यक्ति ६ सय रुपियाँका दरले राहत भत्ता रकम दिने गरेको भक्तपुर इँटाभट्टा व्यवसायी संघका अध्यक्ष नातिभाई ह्योंम्बाले बताउनु भयो

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सीताराम अधिकारी**का अनुसार धादिङबेसीका तरकारी पसलहरूको अनुगमन गर्दा किसानहरूलाई कम मूल्य दिएर उपभोक्तासँग चर्को मूल्य लिएको फेला परेको छ ।
तरकारी बजारमा मूल्य वृद्धि भएको र उपभोक्ताहरू मारमा परेको जनगुनासो आएपछि जिल्ला अनुगमन समितिले अनुगमन गरेको हो । अनुगमनका क्रममा तरकारीमा कालोबजारी भएको फेला परेको थियो । किसानले ३० रुपैयाँमा विक्री गरेको करेला उपभोक्ताले १ सय २० रुपियाँमा खरिद गर्नु परेको थियो ।
सहायक प्रमुख जिल्ला अधिकारी रुद्र मल्लको नेतृत्वमा गरिएको तरकारी पसल अनुगमनमा पुछार बजार पुलपारी रहेको तीन ओटा तरकारी पसल, पुछारबजार, बीचबजारमा रहेका तरकारी पसलहरूको अनुगमन गरीएको धादिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष रुद्रबहादुर खत्रीले जानकारी दिनुभयो ।
अनुगमनको क्रममा टोलीले पसलेहरूलाई सचेत गराई लकडाउनको समयमा पनि तरकारीको मूल्य अधिक लिए कारबाही गर्ने समेत चेतावनी दिएको छ ।

नेत्रावती डबजोङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका ३ सय जना दीर्घ रोगीहरूलाई निःशुल्क औषधि वितरण गर्न लागेको छ । लकडाउनमा रहेको कारण समस्यामा परेका दीर्घ रोगीहरूलाई एक महिनाको लागि निःशुल्क औषधि वितरण गर्ने गाउँपालिकाका अध्यक्ष दुर्गकुमार शाक्यले बताउनुभयो ।
अन्तर्राष्ट्रिय धादिङ समाजले जिल्लाका १३ ओटै स्थानीय तहमा स्वास्थ्य सामग्री (पिपिइ, मास्क, सेनिटाइजर) वितरण गरिसकेको छ । रुविभ्याली गाउँपालिका र नेत्रावती डबजोङ गाउँपालिकामा दुई/दुई ओटा आइआर थर्मोमिटर, स्वास्थ्य संस्थालाई आवश्यक पर्ने ४३ किसिमको औषधिहरू पनि सहयोग गरेको समाजका वरिष्ठ उपाध्यक्ष दिनेश तामाङले बताउनु भयो ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार वैशाख १९ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा. विकास देवकोटाले नेपालमा थप दुई जनामा कोरोना सङ्क्रमण भेटिएको जानकारी दिनुभएको छ ।
नेपालमा सङ्क्रमितको सङ्ख्या ५९ जना पुगेको भन्दै उहाँले लकडाउनको पूर्ण पालना गर्न पुनः आग्रह गर्नुभयो ।
टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको नमूना परीक्षणमा बाँके जिल्लाका ६० वर्षीय पुरुष र रुपन्देही जिल्लाका २५ वर्षीय पुरुष गरी थप दुई जनामा कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको हो ।
कोरोना सङ्क्रमण पुष्टि भएका रुपन्देही कोटहीमाईका पुरुष १४ दिनअघि भारतको दिल्लीबाट आएको खुलेको छ । अहिले उनलाई लुम्बिनी प्रादेशिक अस्पतालले बुटवल धागो कारखानामा स्थापना गरेको कोरोना विशेष अस्पतालमा उपचार सुरू गरिएको छ । बाँकेको नेपालगञ्जमा ६० वर्षीय ती व्यक्तिको बाँकेको खजुरास्थित कोरोना अस्पतालमा उपचार भइरहेको छ ।
रुपन्देही र नेपालगञ्जमा भेटिएका दुवै जना सङ्क्रमितको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । देशभरी सङ्क्रमितको सङ्ख्या ५९ रहेकामा पुरुष ४९ जना र महिला १० जना रहेका छन् । पुर्ण रुपमा निको भएर १६ जना डिस्चार्ज भैसकेको बताउनु भयो ।
काठमाडौँ जिल्लाको चन्द्रागिरी नगरपालिकामा हालसम्म ११ हजार ५ सय भन्दा बढी परिवारलाई राहत वितरण गसिकिएको छ ।
नगरपालिका भित्र रहेका १३ ओटा स्वास्थ्य चौकीद्वारा ज्वरो आएका विरामीलाई प्राथमिकता दिइएको छ । नगरपालिकामा बाहिरबाट आएका १ सय ४६ जनालाई थर्ममिटर वितरण गरी निगरानिमा राखिएको थियो ।
हालसम्म नगरपालिकामा १ सय ९३ ओटा स्वाब परीक्षण र १० हजार ९ सय १३ जनाको ज्वरो परीक्षण गरिसकिएको नकर्मीले बताउनु भयो ।
पछिल्लो समय एम्बुलेन्स चालकहरूद्वारा नै बिरामी लैजान नमानेपछि एम्बुलेन्स चालकहरूका लागि १० लाख रुपियाँ बराबरको स्वास्थ्य बीमा योजना तयारी अवस्थामा रहेको समेत नकर्मीले जानकारी दिनुभयो ।
**यस्तै** वैशाख १९ गते मात्रै काठमाडौँमा दुईपाग्रे सवारी ५ सय १२ ओटा र चारपाङ्ग्रे ८० ओटा सवारीलाई कारबाही गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठयले बताउनु भयो ।
लकडकमा बिनाकाम हिड्ने १ हजार ४ सय जनालाई कारबाही गरिएको महानगरीय प्रहरी परिसरका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार कोठाभाडामा बस्ने अन्य जिल्लाका १ सय जना विद्यार्थीहरुलाई उद्योग वाणिज्य सङ्घ चितवनको समन्वयमा अनेरास्ववीयु चितवनले खाद्य सामान विवतरण गरेको छ ।
अनेरास्ववीयु राष्ट्रिय युवा सङ्घको पहलमा रगतको अभाव हुन नदिन जिल्लामा रक्तदान कार्यक्रमलाई निरन्तरता दिइएको छ । सङ्गठनको स्थापना दिवसको अवसर पारेर जिल्लाका ७ ओटै स्थानीय तहमा रक्तदान कार्यक्रम जारी राखिएको अनेरास्ववीयु जिल्ला संयोजक प्रकाश आचार्यले बताउनु भयो ।
चितवन स्थित कोरोना विशेष अस्पतालमा १० जना आइसोलेशन वार्डमा उपचाररत रहेका छन् ।

लकडाउनको समयमा सवारी चलाएको भन्दै ५२ ओटा दुई पाङ्ग्रे सवारी नियन्त्रणमा लिइएको चितवनका प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो ।
भरतपुर अस्पतालबाट वैशाख १८ गते ८ ओटा नमूना सङ्कलन गरी कोरोना भाइरसको परीक्षण गर्न पठाइएकोमा सबै नेगेटिभ आएको अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताउनुभयो । त्यस्तै १९ गते पाँच ओटा नमूना परीक्षणका लागि पठाइएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रवेशद्वारमै सेनिटाईजर टनेल जडान गरिएको छ । वैशाख १९ गते टनेलबाट सेनिटाइज गर्ने कार्यको थालनी गरिएको छ ।
प्रहरी कार्यालय प्रवेश गर्ने सेवाग्राही र कामका लागि बाहिर गएर आउने प्रहरीलाई लक्षित गरी सङ्क्रमण निवारणको लागि टनेल जडान गरिएको मकवानपुरका प्रहरी उपरीक्षक सुशिलसिंह राठौरले जानकारी दिनुभयो ।
हेटौडामा रहेको VBDRTC को प्रयोगशालामा कोरोनाको परीक्षणको लागि प्राप्त ६ ओटा स्वाब नमूनाको परीक्षणको नतिजा नेगेटिभ आएको छ । हेटौंडामा प्रयोगशाला सञ्चालन भएदेखि हालसम्म टेष्टको लागि ४ सय १८ जनाको स्वाब प्राप्त भएको छ ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**